# मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

**पहिलो संशोधन मितिः २०८०।०८।२१**

गण्डकी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पोखरा

# मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

**पहिलो संशोधन मितिः २०८०।०८।२१**

**प्रस्तावनाः** गण्डकी प्रदेशको दीर्घकालीन सोच **"समृद्ध प्रदेश र सुखी नागरिक"** लाई सार्थक बनाउन स्थानीय सुशासन, सार्वजनिक सेवा प्रवाह र आर्थिक, सामाजिक तथा वातावरणीय विकासका क्षेत्रमा नवीनतम् ज्ञान, सीप, सोच र सिर्जनशीलता प्रवर्द्धन गर्न नवप्रवर्तन साझेदारी कार्यक्रमका माध्यमबाट प्रदेश तथा स्थानीय तह बीच समन्वय, साझेदारी, सहकार्य र सहलगानीमा परियोजनाहरू कार्यान्वयन गराउने सम्बन्धी कामकारबाहीलाई सरल, स्पष्ट र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले दफा २० बमोजिमको अनुदान रकम सम्झनु पर्छ।

(ख) "अवधारणा पत्र" भन्नाले दफा १२ को उपदफा (१) बमोजिमको अवधारणा पत्र सम्झनु पर्छ।

(ग) "आन्तरिक आय" भन्नाले स्थानीय तहले उठाइ खर्च गर्न पाउने स्थानीय कर तथा सेवा शुल्क वा दस्तुरबाट सङ्कलन भएको रकम सम्झनु पर्छ।

(घ) "आवेदक" भन्नाले यस कार्यविधि बमोजिम परियोजना प्रस्ताव पेश गर्ने स्थानीय तह सम्झनु पर्छ र सो शब्दले दुई वा सोभन्दा बढी स्थानीय तह मिली संयुक्त परियोजना प्रस्ताव पेश गर्ने आवेदकहरूसमेतलाई जनाउँछ।

(ङ) "कार्यक्रम" भन्नाले प्रदेश सरकारको वार्षिक कार्यक्रम तथा यस कार्यविधिमा व्यवस्था गरिएको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सम्झनु पर्छ।

(च) "कार्यक्रम दस्तावेज" भन्नाले प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट सम्बन्धी पुस्तिका वा रातो किताब सम्झनु पर्छ।

(छ) "नवप्रवर्तन" भन्नाले नवीनतम् ज्ञान, सोच, सीप, क्षमता र प्रविधिको माध्यमबाट कम स्रोतको महत्तम उपयोग गरी थोरै समय र लागतमा उच्च गुणस्तरको प्रतिफल तथा नतिजा दिने कार्यलाई सम्झनु पर्छ र सो शब्दले सार्वजनिक सुशासन, स्थानीय आर्थिक, सामाजिक तथा वातावरणीय विकास र सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, दक्ष र

प्रभावकारी बनाउन उपयोगमा ल्याइने नयाँ विधि, तौरतरिका, अवधारणा लगायत सिर्जनशील क्रियाकलापसमेतलाई जनाउँछ।

(ज) "निर्देशक समिति" भन्नाले दफा ६ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(झ) "न्यून स्रोत-साधन स्थानीय तह" भन्नाले वार्षिक आन्तरिक आय पच्चीस लाख रुपैयाँभन्दा कम भएका स्थानीय तह सम्झनुपर्छ।

(ञ) "परियोजना" भन्नाले यस कार्यविधि बमोजिम स्थानीय तहहरूले प्रस्ताव गरेका नवप्रर्वतनका कार्यक्रम वा क्रियाकलापहरू सम्झनु पर्छ।

(ट) "पूर्ण प्रस्ताव" भन्नाले दफा १२ को उपदफा (३) बमोजिमको प्रस्ताव सम्झनु पर्छ।

(ठ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ड) "प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम" भन्नाले संघीय शासन प्रणालीलाई सबलीकरण गर्न प्रदेश तथा स्थानीय तहको नीति निर्माण, संस्थागत विकास एवं क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकारबाट सञ्चालन भएको कार्यक्रम सम्झनु पर्छ।

(ढ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ण) "प्राविधिक समिति" भन्नाले दफा ८ बमोजिमको प्राविधिक समिति सम्झनु पर्छ।

(त) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

(थ) "महाशाखा" भन्नाले मन्त्रालयमा रहेको शासकीय सुधार तथा समन्वय महाशाखा सम्झनु पर्छ।

(द) "लागत सहभागिता" भन्नाले यस कार्यविधि बमोजिम नवप्रवर्तन साझेदारी कार्यक्रममा प्रस्ताव पेश गर्ने आवेदकले बेहोर्नु पर्ने कुल परियोजना लागतको निश्चित प्रतिशत लागत सहभागिता सम्झनु पर्छ र सो शब्दले स्थानीय तहसँग अन्य साझेदार संस्थाले बेहोर्नुपर्ने लागत हिस्सेदारीसमेतलाई जनाउँछ।

(ध) "स्थानीय आर्थिक, सामाजिक तथा वातावरणीय विकास" भन्नाले स्थानीय तहमा सीप विकास, औद्योगिक विकास, बजार विकास, उद्यमशीलताको प्रवर्द्धन आदिका माध्यमबाट रोजगारी सिर्जना, आयवृद्धि र आर्थिक समृद्धिलाई योगदान दिने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्न बल पुऱ्याउने, स्थानीय जनताको शिक्षा एवं स्वास्थ्य प्रर्वद्धन गर्ने, अति विपन्न समुदायको दिगो जीविकोपार्जनमा सुधार ल्याउने, विपद् उत्थानशीलता, जलवायुमैत्री स्थानीय विकासमा सहयोग पुऱ्याउने कार्य सम्झनु पर्छ।

(न) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ ।र सो शब्दले महानगरपालिका तथा उपमहानगरपालिका समेतलाई जनाउँछ।

(ऩ) "स्थानीय सेवा" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ बमोजिम गाउँपालिका तथा नगरपालिकाको जिम्मेवारीमा परेका स्थानीय तहका कार्यक्षेत्र सम्झनु पर्छ।

३. **<u>उद्देश्य:</u>** मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका उद्देश्य देहाय अनुसार हुनेछन्ः-

(क) स्थानीय सुशासन, सार्वजनिक सेवा प्रवाह र आर्थिक, सामाजिक तथा वातावरणीय विकासका क्षेत्रमा नवप्रवर्तनलाई प्रवर्द्धन गर्नु।

(ख) नवप्रवर्तनका लागि स्थानीय तहहरू बीच एवं स्थानीय तह तथा निजी क्षेत्रबीच सहकार्य र सहलगानी प्रवर्द्धन गर्नु।

४. **<u>मार्गदर्शक सिद्धान्त:</u>** कार्यक्रमले देहायका मार्गदर्शक सिद्धान्तलाई अवलम्बन गर्नेछः-

(क) कार्यक्रम सुशासनका नवीनतम् आयामको प्रयोग, सार्वजनिक सेवा प्रवाहको नवीनतम् अवधारणाको अभ्यास तथा अनुवर्तन र स्थानीय आर्थिक, सामाजिक तथा वातावरणीय विकासको प्रवर्द्धनको निमित्त नवप्रवर्तनको अवधारणालाई संस्थागत गर्ने विशेष उद्देश्य लिएर गठित संयन्त्र हुनेछ र यसले आफ्नो संरचना तथा क्रियाकलापहरूमा प्रदेश तथा स्थानीय तहको स्वामित्व बढाउन प्रोत्साहित गर्नेछ।

(ख) कार्यक्रमले सुशासन, सार्वजनिक सेवा प्रवाह र स्थानीय आर्थिक, सामाजिक तथा वातावरणीय विकासको क्षेत्रमा समुदाय तथा निजी क्षेत्रसमेतलाई साथ लिएर नवीनतम् सोच र अवधारणासहितका परिवर्तनकारी योजना कार्यान्वयन गर्ने, नयाँ ज्ञान, सीप तथा क्षमता विकास गर्न आफूलाई स्थापित गर्दै जोखिम बहन कार्यक्रमका रूपमा स्थानीय तहलाई सहयोग गर्नेछ।

(ग) कार्यक्रमको कार्यसञ्चालन प्रक्रिया, पद्धति, कार्यक्रम प्राथमिकता निर्धारण, छनौट, एवं रकम विनियोजनजस्ता विषयमा प्रदेश सरकार तथा स्थानीय तहका आवश्यकता र प्राथमिकतामा आधारित तौरतरिका लागू हुनेछन्।

(घ) कार्यक्रमले अन्तर स्थानीय तहमा नवीनतम् अभ्यास र सिकाइ आदानप्रदान गर्न स्थानीय तहलाई अवसर उपलब्ध गराउनेछ।

(ङ) कार्यक्रमले कुनै एक स्थानीय तहका असल अभ्यासलाई अन्य स्थानीय तहमा विस्तार गर्न, सफल अभ्यासलाई प्रदेश सरकारमा स्तरोन्नति गर्न र असफलताका पाठहरूबारे अन्य स्थानीय तहलाई सूचित गर्नका लागि सहजीकरण गर्नेछ।

(च) कार्यक्रमले स्थानीय तहको नियमित बजेट तथा कार्यक्रमलाई प्रतिस्थापन गर्ने छैन र दोहोरोपना हुने गरी कार्यक्रम सञ्चालन गर्ने छैन।

## परिच्छेद—२

## <u>संस्थागत व्यवस्था</u>

५. **<u>मुख्य जिम्मेवार निकाय:</u>** (१) कार्यक्रम कार्यान्वयनको मुख्य जिम्मेवार निकायको रूपमा मन्त्रालय रहनेछ।

(२) कार्यक्रम कार्यान्वयन सम्बन्धमा मन्त्रालयको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयन कार्यविधि अनुमोदन तथा संशोधन गर्ने,

(ख) कार्यक्रमबाट भएका कार्यको प्रगति समीक्षा गर्ने,

(ग) कार्यक्रमबाट भएका कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(घ) कार्यक्रमबाट सञ्चालन भएका परियोजनाहरूको अनुगमन तथा प्रभाव मूल्याङ्कन गर्ने,

(ङ) कार्यक्रमसँग सम्बन्धित कर्मचारी तथा विज्ञ जनशक्तिको व्यवस्थापन गर्ने।

(३) मन्त्रालयले कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि अन्य विस्तृत विषयक्षेत्रगत सञ्चालन कार्यविधि, कार्यान्वयन रणनीति तथा स्रोत पुस्तिका स्वीकृत गरी लागू गर्न सक्नेछ।

६. **निर्देशक समितिः** (१) कार्यक्रम सम्बन्धी कामकाबाही व्यवस्थित गर्न प्रदेशमा देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) प्रमुख सचिव, प्रदेश सरकार - संयोजक

(ख) सचिव, प्रशासन महाशाखा, मन्त्रालय - सदस्य

(ग) सचिव, प्रदेश सरकारका सबै मन्त्रालय - सदस्य

(घ) सचिव, प्रदेश नीति तथा योजना आयोग - सदस्य

(ङ) महाशाखा हेर्ने सचिव, मन्त्रालय - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमलाई रणनीतिक मार्गदर्शन प्रदान गर्नुका साथै कार्यक्रममा वित्तीय सुशासनको सुनिश्चितता गर्ने,

(ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अवधारणापत्र तथा प्रस्ताव माग गर्न निर्देशन गर्ने,

(ग) प्राविधिक समितिबाट मूल्याङ्कन भइ आएका प्रस्तावहरूमध्ये बाट उपयुक्त प्रस्तावहरू स्वीकृत गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहबीच समन्वय र सहकार्य गर्ने,

(ङ) कार्यक्रमको संस्थागत विकासको लागि नीतिगत पृष्ठपोषण प्रदान गर्ने,

(च) कार्यक्रमका उत्कृष्ट सिकाइ तथा अभ्यासहरूलाई प्रचारप्रसार गर्ने तथा सरकारका अन्य क्षेत्रमा अनुकरण गर्न सहजीकरण गर्ने,

(छ) कार्यक्रमको समीक्षा गरी नीतिगत मार्गदर्शन प्रदान गर्ने,

(ज) उत्कृष्ट कार्यसम्पादन गर्ने निकाय तथा पदाधिकारीलाई प्रोत्साहन गर्न सिफारिस गर्ने।

(३) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

(४) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ।

(५) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

७. **<u>महाशाखाको जिम्मेवारीः</u>** कार्यक्रम सञ्चालन सम्बन्धमा महाशाखाको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयनको लागि सचिवालयको रूपमा रही यससम्बन्धी सम्पूर्ण प्राविधिक तथा जनशक्ति परिचालनसम्बन्धी कार्यहरू सम्पादन गर्ने,

(ख) कार्यक्रमको वार्षिक कार्ययोजना र वार्षिक अनुगमन योजना स्वीकृत गराइ कार्यान्वयनमा ल्याउने,

(ग) आवेदकहरूबाट अवधारणापत्र लगायत परियोजना प्रस्तावहरू आह्वान गर्ने, मूल्याङ्कन तथा छनौट गर्ने र स्वीकृत भएका तथा नभएका अवधारणापत्र तथा प्रस्तावबारे आवेदकलाई जानकारी गराउने,

(घ) स्वीकृत भएका परियोजना प्रस्तावहरू कार्यान्वयनका लागि सम्झौता गर्ने,

(ङ) सम्झौताबमोजिमको रकम✂....निकासा गर्ने व्यवस्था मिलाउने,

(च) कार्यक्रमहरूको नियमित भौतिक तथा आर्थिक प्रगति सङ्कलन, अनुगमन, निरीक्षण तथा आवधिक समीक्षा गर्ने,

(छ) कार्यक्रमको समग्र कार्यान्वयन तथा व्यवस्थापन, प्रतिवेदन, अनुगमन, मूल्याङ्कन तथा नतिजा एवं गुणस्तरको सुनिश्चितता गर्ने,

(ज) कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहलाई सहजीकरण गर्ने,

(झ) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक अन्य कार्य गर्ने,

(ञ) स्थानीय तह, निजी क्षेत्र, सहकारी र अन्य गैरसरकारी संस्थासँग सघन समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने,

(ट) निर्देशक समितिलाई कार्यक्रम सम्बन्धी कार्यमा आवश्यक सहयोग पुऱ्याउने।

८. **<u>प्राविधिक समितिः</u>** (१) कार्यक्रमका परियोजना छनौट तथा मूल्याङ्कनका लागि देहायबमोजिमको एक प्राविधिक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | महाशाखा हेर्ने सचिव, मन्त्रालय | - संयोजक |
| (ख) | प्रमुख, बजेट तथा कार्यक्रम महाशाखा,<br>अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय | - सदस्य |
| (ग) | प्रमुख, सामाजिक विकास महाशाखा,<br>सामाजिक विकाससम्बन्धी विषय हेर्ने मन्त्रालय | - सदस्य |

✂ पहिलो संशोधनबाट झिकिएको

(घ) प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(ङ) प्रतिनिधि, प्रदेश नीति तथा योजना आयोग - सदस्य

(च) महाशाखा हेर्ने उपसचिव, मन्त्रालय - सदस्य-सचिव

(२) समितिले आवश्यकताअनुसार विषयगत मन्त्रालयका प्रतिनिधिहरू तथा सम्बन्धित स्वतन्त्र बाह्य विज्ञहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) परियोजनाको प्रस्ताव आह्वान सम्बन्धी प्राविधिक तथा प्रशासनिक कार्यहरू गर्ने,

(ख) आवेदकहरूबाट प्राप्त अवधारणापत्रको प्राविधिक मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव छनौट गरी सिफारिससहित स्वीकृतिका लागि निर्देशक समितिसमक्ष पेश गर्ने,

(ग) अवधारणापत्र स्वीकृत भएपछि पूर्ण प्रस्तावको प्राविधिक मूल्याङ्कन गरी सिफारिससहित स्वीकृतिको लागि निर्देशक समितिसमक्ष पेश गर्ने,

(घ) प्रस्ताव छनौटका लागि तय गरिएका अनुसूचीका मूल्याङ्कनका आधार तथा अङ्कभार प्रतिशतमा आवश्यकताअनुसार थप व्याख्या तथा परिमार्जन गर्ने।

(ङ) आवश्यकताअनुसार आवेदकलाई आमन्त्रण गरी प्रस्तुत प्रस्तावहरूमाथि छलफल गर्ने,

(च) परियोजना कार्यान्वयनका लागि प्रस्तावक स्थानीय तहसँग सम्झौता गर्न आवश्यक सहजीकरण गर्ने।

(४) उपदफा (१) बमोजिमको प्राविधिक समितिले प्रस्तावहरूको मूल्याङ्कन गर्दा देहायका विषयहरूसमेत नवीनतम् सोचविचार र दृष्टिकोणको प्रयोग हुने अवस्था सुनिश्चित गर्नुपर्नेछः-

(क) प्रस्तावको अवधारणा तथा विषयवस्तु यस कार्यक्रमको उद्देश्यहरूसँग मेल खाने तथा सोको कार्यान्वयनबाट सिर्जना हुने सकारात्मक अवसरहरू, उपलब्धि तथा प्रभावहरू उच्च स्तरको हुने देखिएको,

(ख) प्रस्ताव कार्यान्वयनका लागि लागत प्रभावकारीता हुनुका साथै समय र प्रविधि उपयुक्त भएको,

(ग) वित्तीय लगायत अन्य जोखिमको पहिचान तथा न्यूनीकरणको अवस्थाको गहन विश्लेषण भै नवप्रर्वतन हुने अवस्थाको सुनिश्चितता भएको,

(घ) प्रस्ताव कार्यान्वयनमा संलग्न हुने सरोकारवालाहरूको संयन्त्र तथा भूमिका प्रष्ट भएको,

(ङ) अन्य स्थानीय तहमा बाह्य प्रभाव (Spillover effect) पर्ने सम्भावना भएको,

(च) यस कार्यविधिले तोकेका मापदण्डहरू पूरा गरेको।

९. **<u>प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमः</u>** कार्यक्रम कार्यान्वयन सम्बन्धमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको भूमिका देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको सम्बन्धमा सरोकारवालालाई अनुशिक्षण गर्न आवश्यक सहयोग उपलब्ध गराउने।

(ख) कार्यक्रम र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको नवप्रर्वतन साझेदारी कोषबीच सामञ्जस्यता कायम गर्ने,

(ग) कार्यक्रमहरूमा दोहोरोपना नहुने गरी परियोजना छनौट गर्ने,

(घ) कार्यक्रमको प्राविधिक सहयोग/विज्ञलाई आवश्यकताअनुसार प्रदेशका अन्य कार्यमा समेत परिचालन गर्ने,

(ङ) कार्यक्रमबाट भएका राम्रा सिकाइहरूको अध्ययन तथा अनुसन्धान गरी अन्य कार्यक्रममा रूपान्तरण गर्ने,

(च) कार्यक्रमको प्रस्तावको अभिन्न अङ्गको रूपमा रहने अत्यावश्यक विशेषज्ञहरूको योग्यता, ज्ञान, सीप, अनुभव, दक्षतासहितको सूची तयार गर्ने।

१०. <u>स्थानीय तहको जिम्मेवारीः</u> कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको काम, कर्तव्य र जिम्मेवारी देहायबमोजिम हुनेछः-

(क) कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने र उक्त कार्यक्रम कार्यान्वयनको सहजीकरणको निमित्त कार्यपालिकाको बैठकबाट एक कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने,

(ख) परियोजना कार्यान्वयनका लागि अनुसूचीमा उपलब्ध गराइएका ढाँचामा प्रस्ताव पेश गर्ने,

(ग) कार्यक्रमबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयनको लागि उपयुक्त महाशाखा/शाखा पहिचान गरी एकजना अधिकृतलाई सम्पर्क व्यक्ति तोक्ने,

(घ) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने लागत सहभागिताबापतको रकम व्यवस्था गर्ने,

(ङ) कार्यक्रमबाट अनुदान प्राप्त गर्नको लागि आफ्नो कार्यपालिका बैठकबाट निर्णय गराइ रितपूर्वकको आवेदनहरू मन्त्रालयमा पेश गर्ने,

(च) कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयको महाशाखासँग सम्झौता गर्ने,

(छ) सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने कार्यक्रममा साझेदार संस्थाको लागत सहभागिताको सुनिश्चितता गर्ने,

(ज) अन्य स्थानीय तहको साझेदारीमा सञ्चालन हुने कार्यक्रममा साझेदार स्थानीय तहको लागत सहभागिताको सुनिश्चितता गर्ने,

(झ) स्थानीय अनुगमन तथा मूल्याङ्कन उपसमितिमार्फत् कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन गरी छलफल गर्ने,

(ञ) अनुसूची–१ बमोजिमको ढाँचामा कार्यक्रमको मध्यावधि/ अन्तिम प्रतिवेदन मन्त्रालय तथा सम्बन्धित निकायमा पठाएको सुनिश्चितता गर्ने,

(ट) कार्यक्रमको कार्यान्वयनको चरणमा सार्वजनिक परीक्षणको सुनिश्चतता गर्ने,

(ठ) सार्वजनिक सुनुवाइमा कार्यक्रमबाट सञ्चालित परियोजनाको विषयलाई समेत समावेश गर्ने,

(ड) आवश्यक अन्य कार्यहरू गर्ने।

## परिच्छेद—३

## परियोजना प्रस्ताव आह्वान तथा छनौट

११. **प्रस्ताव आह्वान गर्ने:** (१) कार्यक्रमबाट दफा २२ बमोजिमको क्षेत्रमा नवप्रर्वतनकारी परियोजना सञ्चालन गर्न इच्छुक स्थानीय तहलाई लक्षित गरी मन्त्रालयले राष्ट्रिय तथा प्रदेशस्तरका पत्रपत्रिकामार्फत् पन्ध्र दिनको समय दिई अनुसूची—२ को ढाँचामा अवधारणपत्र पेश गर्न सार्वजनिक सूचना आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान गरेको सूचना मन्त्रालयले आफ्नो वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ।

१२. **अवधारणापत्र तथा पूर्ण प्रस्ताव पेश गर्ने:** (१) परियोजना सञ्चालन गर्न चाहने आवेदकले मन्त्रालयको महाशाखामा दफा ११ बमोजिमको अवधिभित्र अनुसूची–३ बमोजिमको ढाँचामा अवधारणापत्र पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) अनुसार प्राप्त अवधारणापत्रहरू सात दिनभित्र अनुसूची–४ अनुसारका सूचक एवम् आधारबमोजिम प्राविधिक समितिले मूल्याङ्कन गर्नेछ।

(३) उपदफा (२) बमोजिम मूल्याङ्कनमा ग्राह्य भएका आवेदकलाई मन्त्रालयले आफ्नो वेबसाइट तथा पत्रपत्रिकामार्फत् पन्ध्र दिनको समय दिई अनुसूची–५ बमोजिमको ढाँचामा पूर्ण प्रस्ताव पेश गर्न सार्वजनिक सूचना आह्वान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त पूर्ण प्रस्तावहरू प्राविधिक समितिले अनुसूची–६ मा उल्लिखित मूल्याङ्कनका आधार बमोजिम दश दिनभित्र मूल्याङ्कन गरी स्वीकृतिका लागि निर्देशक समितिसमक्ष पेश गर्नुपर्नेछ।

तर, प्राविधिक समितिले उपदफा (२) र (४) अनुसार प्राप्त प्रस्तावहरूको सङ्ख्या धेरै भई मूल्याङ्कनको लागि थप समय माग गरेमा निर्देशक समितिले आवश्यकताअनुसार समय थप गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राविधिक समितिबाट सिफारिस भई आएका प्रस्तावहरूलाई निर्देशक समितिले सात दिनभित्र स्वीकृत गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम निर्देशक समितिबाट स्वीकृत प्रस्तावको जानकारी मन्त्रालयले आफ्नो वेबसाइट र लिखित पत्रबाट आवेदकहरूलाई गराउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम प्रस्ताव स्वीकृत भएको जानकारी पाएको सात दिनभित्र सम्बन्धित आवेदकले महाशाखासँग परियोजना कार्यान्वयनका लागि सम्झौता गर्नु पर्नेछ।

(८) उपदफा (१) अनुसार प्राप्त आवेदन अपर्याप्त हुन गई परियोजना छनौट प्रक्रिया प्रभावित हुने देखिएमा प्राविधिक समितिको सिफारिसमा मन्त्रालयले पुनः सात दिनको सूचना दिई थप प्रस्ताव माग गर्न सक्नेछ।

१३. **<u>ग्राह्य प्रस्तावहरू:</u>** (१) कार्यक्रममा स्थानीय तहको एकल प्रस्ताव र दुई वा दुई भन्दा बढी स्थानीय तहहरूको संयुक्त परियोजना प्रस्तावहरू पेश गर्न सकिनेछ।

(२) परियोजना प्रस्तावहरू यस कार्यविधि बमोजिम स्थानीय सुशासन, सेवा प्रवाह र आर्थिक, सामाजिक तथा वातावरणीय विकासको क्षेत्रमा नवप्रर्वतनीय वा नवप्रवर्तनको प्रवेश वा प्रयोग हुने नवीन प्रकृतिका कामसँग सम्बन्धित हुनु पर्नेछ।

तर, भौतिक पूर्वाधार संरचना निर्माण, ठूला मेशिनरी उपकरण, सवारी साधन खरिद, तथा कर्मचारीको नियमित तलब आदि जस्ता पुँजीगत कार्यमा कार्यक्रमको रकम खर्च गर्ने प्रकृतिका प्रस्ताव स्वीकृतिका लागि ग्राह्य हुने छैनन्।

(३) स्थानीय तहले एकल परियोजना प्रस्ताव पेश गर्दा गैरसरकारी संस्था वा सहकारी वा निजी क्षेत्रका सङ्घसंस्थासँग लागत साझेदारीमा आफ्नो नेतृत्व र जिम्मेवारीमा परियोजना सञ्चालन गर्न सक्ने गरी प्रस्ताव पेश गर्ने सक्नेछन्।

(४) उपदफा (३) बमोजिम अन्य संस्थासँगको लागत साझेदारीमा परियोजना प्रस्ताव पेश गर्दा साझेदार संस्थाको लागत साझेदारी र कार्यजिम्मेवारीको स्पष्ट विवरण परियोजना प्रस्तावसाथ पेश गर्नु पर्नेछ। यसरी लागत सहभागितामा सञ्चालन हुने परियोजनाको कुल लागतमा स्थानीय तहले बेहोर्नु पर्ने हिस्साको कम्तीमा ३० प्रतिशत साझेदार संस्थाले बेहोर्नु पर्नेछ।

(५) दुई वा दुईभन्दा बढी स्थानीय तहले लागत साझेदारीका संयुक्त परियोजना प्रस्ताव पेश गर्दा एकअर्काले बेहोर्नुपर्ने लागत साझेदारीको हिस्सा आपसी सहमतिमा कायम गर्नु पर्नेछ।

(६) कार्यक्रमबाट अनुदान प्राप्त गर्न यस कार्यविधिमा उल्लिखित अन्य प्रावधानका अतिरिक्त देहायका सबै अवस्थाहरू पूरा गरेको हुनु पर्नेछः-

(क) *<u>अनसूची-४ मा उल्लिखित अवधारणापत्र मूल्याङ्कनका सबै आधारहरु पूरा गरेको।</u>

(ख) अनुसूची–६ मा उल्लिखित पूर्ण प्रस्ताव मूल्याङ्कन सूचकहरूको कुल पूर्णाङ्कको कम्तीमा ६० प्रतिशत अङ्क प्राप्त गरेको।

(७) उपदफा (६) अनुसार पूर्ण प्रस्तावमा सबैभन्दा उच्च अङ्क प्राप्त गर्ने प्रस्तावदाताहरूमध्येबाट क्रमैसँग छनौट गरी परियोजना कार्यान्वयन गर्नका लागि सम्झौता गरिनेछ।

(८) उपदफा (७) अनुसार सम्झौताका लागि स्थानीय तहको सङ्ख्या निर्धारण गर्दा कार्यक्रमका लागि छुट्याइएको बजेट परिधिभित्र रही गरिनेछ।

* पहिलो संशोधनबाट संशोधित

## परिच्छेद–४

## वित्तीय व्यवस्थापन प्रक्रिया तथा लागत सहभागिता

१४. **बजेट निकासाः** (१) दफा १३ को उपदफा (७) बमोजिम सम्झौता सम्पन्न गरेका स्थानीय तहलाई कार्यक्रम सञ्चालनको लागि प्रदेश सरकारको वित्तीय व्यवस्थापन तथा कोष प्रवाहसम्बन्धी व्यवस्थाअनुसार रकम निकासा गरिनेछ।

(२) प्रदेश सरकारले यस कार्यविधि बमोजिम पूर्ण प्रस्ताव स्वीकृत भएका स्थानीय तहलाई अन्तर सरकारी वित्त हस्तान्तरण अनुसार सशर्त अनुदानको रूपमा प्रदेश लेखा नियन्त्रक कार्यालय[⊕]/प्रदेश लेखा इकाई मार्फत बजेट निकासा गर्नेछ।

(३) स्थानीय तहले स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा व्यवस्था भएबमोजिम बजेटको सञ्चालन गर्नु पर्नेछ।

(४) स्थानीय तहले आफूले बेहोर्नुपर्ने लागत सहभागिताको रकम शीर्षकगत रूपमा कार्यपालिकाबाट निर्णय गरी सुनिश्चित गर्नु पर्नेछ।

(५) सम्झौतामा उल्लेख भएअनुसार अनुदान रकम किस्तामा उपलब्ध गराउन सकिनेछ।

१५. **खर्च व्यवस्थापन तथा वित्तीय अनुशासनः** (१) कार्यक्रम खर्चसम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) कार्यक्रम सञ्चालनका लागि सम्बन्धित स्थानीय तहले उपयुक्त ढङ्गले आन्तरिक नियन्त्रण प्रणाली अपनाइ नियमानुसार आन्तरिक लेखापरीक्षण समेत गर्नु पर्नेछ।

(३) कार्यक्रम सञ्चालनका लागि कुनै आर्थिक वर्षमा उपलब्ध गराइएको अनुदान उक्त आर्थिक वर्षभित्र खर्च हुन नसकी बाँकी रहेमा उक्त बाँकी रकम अनिवार्य रूपमा सोही आर्थिक वर्षभित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) रकम खर्च गर्दा प्रचलित कानून बमोजिम वित्तीय अनुशासनको परिपालना गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम खर्च गर्दा देहायका क्षेत्रहरूमा कार्यक्रमको रकम खर्च गर्न पाइने छैनः-

(क) कार्यक्रमको अनुदान रकमबाट भौतिक पूर्वाधार निर्माण जस्तैः सडक, पुल, सिँचाइ पूर्वाधार, जलविद्युत्, भ्यूटावर, स्वागतद्वार, कार्यालय भवन, मनोरञ्जन हल, फोहोरमैला व्यवस्थापनको पूर्वाधार, खानेपानी शुद्धीकरणको पूर्वाधारका क्षेत्र,

(ख) कार्यक्रम सञ्चालनको लागि नियमित कर्मचारीको खर्च,

(ग) कुनै पनि प्रकारका ठूला मेशिनरी उपकरणहरू, सवारी साधन खरिद,

(घ) विपद्सम्बन्धी स्थानीय तहले गर्दै आएका नियमित राहत वितरण सम्बन्धी कार्यक्रमहरू।

---

[⊕] पहिलो संशोधनबाट थपिएको

तर, परियोजनाको अभिन्न अङ्गको रूपमा रहेका अत्यावश्यक भौतिक पूर्वाधार निर्माणमा स्थानीय तहको लागत सहभागिताको हिस्साबाट दायित्व बेहोर्ने गरी खर्च गर्न बाधा पुग्ने छैन।

१६. **<u>खरिद व्यवस्थापनः</u>** (१) कार्यक्रमको खरिदसम्बन्धी व्यवस्था प्रचलित खरिद कानून बमोजिम हुनेछ।

(२) कार्यक्रमबाट सञ्चालित कार्यक्रमलाई स्थानीय तहको स्वीकृत खरिद योजनामा समावेश नगरी खरिद कार्य गर्न पाइने छैन।

१७. **<u>लेखापालन तथा प्रतिवेदनः</u>** (१) कार्यक्रमको लेखापालन तथा प्राप्ति र खर्चको विवरण नेपाल सरकारबाट प्रचलित प्रणाली अनुसार राख्नु पर्नेछ।

(२) कार्यक्रमको प्रतिवेदन प्रचलित प्रणाली र प्रदेश लेखा नियन्त्रक कार्यालयले निर्धारण गरेबमोजिम तयार गरी पेश गर्नु पर्नेछ।

१८. **<u>अनुगमन र मूल्याङ्कन तथा अन्तिम लेखापरीक्षणः</u>** (१) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रदेश तथा स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम हुनेछ।

(२) प्रदेश सरकारले आवश्यक ठानेमा कार्यक्रमको तेस्रो पक्ष (Third Party) अनुगमन तथा मूल्याङ्कन गराउन सक्नेछ।

(३) प्रदेश सरकारबाट भएका अनुगमन तथा मुल्याङ्कन सम्बन्धी कार्यको प्रतिवेदन तयार गरी समीक्षा गरिनेछ।

(४) कार्यक्रमको अन्तिम लेखापरीक्षण प्रचलित कानूनअनुसार महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

१९. **<u>वित्तीय सुशासन तथा पारदर्शिताको सुनिश्चितताः</u>** (१) कार्यक्रम सम्पन्न भएपछि परियोजना स्थलमा प्रचलित कानून अनुसार स्थलगत सार्वजनिक परीक्षण गर्नु पर्नेछ।

(२) कार्यक्रम सम्पन्न भएपछि कार्यक्रमको अनुगमन गरी यसको प्राविधिक जाँचपास तथा फरफारक गर्नु पर्नेछ।

(३) कार्यक्रमको पारदर्शिता तथा जवाफदेहिताको लागि अति विपन्न महिला, वञ्चितिकरणमा रहेका समुदाय लगायत लक्षित वर्गका नागरिकको अर्थपूर्ण सहभागितामा विशेष जोड दिनुपर्नेछ।

(४) कार्यक्रम सञ्चालन, प्रगति तथा खर्चसम्बन्धी सूचनाहरू स्थानीय तहको वेबसाइट तथा प्रतिवेदनमार्फत् नियमित रूपमा सार्वजनिक गर्नु पर्नेछ।

२०. **<u>अनुदान रकमको सीमा र अवधिः</u>** (१) कार्यक्रमबाट उपलब्ध हुने अनुदान रकमको अधिकतम सीमा एकल आवेदकको हकमा प्रति परियोजना एक करोड पचास लाख रुपैयाँ र दुई वा दुईभन्दा बढी स्थानीय तह मिली प्रस्ताव गरिएको संयुक्त आवेदनको हकमा चार करोड रुपैंयासम्म हुनेछ।

तर, एकल तथा संयुक्त दुवै आवेदकका परियोजनाको कुल लागत *<u>एक करोड</u> रुपैयाँभन्दा कम हुने छैन।

(२) परियोजनाको अवधि एक आर्थिक वर्षको हुनेछ।

(३) स्थानीय तहबाट एक आर्थिक वर्षभित्र कार्यक्रम सम्पन्न हुन नसक्ने पर्याप्त आधार र कारणसहित प्रतिवेदन प्राप्त भएमा प्रदेशको अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालयबाट स्रोत सुनिश्चितता गरी निर्देशक समितिले एक आर्थिक वर्ष अवधि थप गर्न सक्नेछ।

२१. **<u>लागत सहभागिता:</u>** <u>*(१) कार्यक्रमको लागत सहभागिता देहायबमोजिम हुनेछः-</u>

(क) <u>वार्षिक पच्चीस लाख रुपैयाँभन्दा कम आन्तरिक आय भएका स्थानीय तहले परियोजनाको कुल लागतको कम्तीमा २० प्रतिशत रकम,</u>

(ख) <u>वार्षिक पच्चीस लाख रुपैयाँभन्दा माथि आन्तरिक आय भएका स्थानीय तहले परियोजनाको कूल लागतको कम्तीमा ३० प्रतिशत रकम,</u>

(ग) <u>महानगर तथा उपमहानगरपालिकाले परियोजनाको कुल लागतको कम्तीमा ३५ प्रतिशत रकम,</u>

(घ) <u>वार्षिक पच्चीस लाख रुपैयाँभन्दा कम आन्तरिक आय भएका स्थानीय तहले वार्षिक पच्चीस लाख रुपैयाँ वा सो भन्दा बढी आन्तरिक आय भएका स्थानीय तहसँग लागत साझेदारीमा परियोजना प्रस्ताव पेश गर्दा परियोजनाको कुल लागतको कम्तीमा ३५ प्रतिशत रकम ।</u>

(२) कार्यक्रममा सामुदायिक संस्था, गैरसरकारी संस्था, सहकारी तथा निजी क्षेत्रसँगको लागत साझेदारीमा परियोजना प्रस्ताव गर्दा यी संस्थाले प्रस्तावक स्थानीय तहले बेहोर्नु पर्ने हिस्साको कम्तीमा ३० प्रतिशत रकम लागत साझेदारी गर्नु पर्नेछ।

(३) दुई वा दुईभन्दा बढी स्थानीय तहको लागत साझेदारीमा प्रस्ताव पेश गरिएमा प्रमुख प्रस्तावक र साझेदार स्थानीय तहको हिस्सा आपसी समझदारीमा कायम गर्न सकिनेछ।

(४) कुनैपनि स्थानीय तहले संघ तथा प्रदेश सरकारका कुनै पनि निकायसँगको लागत साझेदारीमा परियोजना प्रस्ताव पेश गर्न सक्ने छैनन्।

## परिच्छेद—५

## <u>नवप्रवर्तनका क्षेत्रहरू</u>

२२. **<u>नवप्रवर्तनका क्षेत्रहरू:</u>** (१) नवप्रवर्तनका क्षेत्रहरू देहायबमोजिम हुनेछनः-

* पहिलो संशोधनबाट संशोधित

(क) नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित प्रदेश तथा स्थानीय तहका साझा तथा स्थानीय तहका एकल अधिकारमा उल्लिखित विषयक्षेत्रहरु,

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा उल्लिखित विषय क्षेत्रहरू,

(ग) अनुसूची ७ मा समावेश गरिएका विषयहरू।

(२) कार्यविधिको दफा ३ बमोजिम कार्यक्रमको उद्देश्यसँग मेल नखाने गरी प्रस्ताव गरिएका परियोजना स्वतः रद्द भएको मानिनेछ।

(३) जीविकोपार्जन तथा स्थानीय स्रोत परिचालन सम्बन्धी परियोजनालाई विशेष ग्राह्यता दिइनेछ।

(४) एउटा स्थानीय तहले एक विषय क्षेत्रमा मात्र प्रस्ताव पेश गर्न सक्नेछ।

## परिच्छेद—६
## विविध

२३. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा निर्देशक समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२४. **कारबाही गरिनेः** सम्झौता बमोजिम परियोजना सञ्चालन नगर्ने स्थानीय तहलाई अनुदान रोक्का गरी प्रचलित कानून बमोजिम कारबाही प्रक्रिया अघि बढाइनेछ।

## अनुसूची–१

**(दफा १० को खण्ड (ञ) सँग सम्बन्धित)**

**<u>मध्यावधि/अन्तिम प्रगति प्रतिवेदनको सामान्य ढाँचा</u>**

(१) परियोजनाको शीर्षक

(२) कार्यकारी सारांश

(३) पृष्ठभूमि

(४) उद्देश्य

(५) परियोजनाको प्रतिफल

(६) परियोजनाको उपलब्धि तथा सकारात्मक परिवर्तनहरू (बुदाँगत रुपमा उल्लेख गर्ने)

(७) परियोजना कार्यान्वयनको ढाँचा तथा तौरतरिका

(८) परियोजनाको क्रियाकलाप वा गतिविधिहरू कार्यान्वयनको प्रगति ( 5 WH प्रश्नहरूको उत्तर आउने गरी तथ्याङ्क फोटो तथा सफल घटना विवरण उल्लेख भएको)

— क्रियाकलाप १

— क्रियाकलाप २

— क्रियाकलाप ......

(९) प्रमुख चुनौती तथा समस्याहरू (बुदाँगत रूपमा उल्लेख गर्ने)

(१०) महत्त्वपूर्ण सिकाइ (बुदाँगत रूपमा उल्लेख गर्ने)

(११) नवीनतम् असल अभ्यासहरू

(१२) समन्वय तथा सहकार्य र दिगोपनाका लागि चालिएका कदमहरू (बुदाँगत रूपमा उल्लेख गर्ने)

(१३) निष्कर्ष

(१४) सिफारिस

(१५) अनुसूचीहरू

आधिकारिक हस्ताक्षर................................... मिति.............................

संस्थागत छाप

## अनुसूची–२

**(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचनाको ढाँचा</u>**

*प्रथम पटक प्रकाशित मितिः...................................*

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको चालु आ.व........ को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनका लागि मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ को दफा ११ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र गण्डकी प्रदेशस्थित सबै स्थानीय तहले उक्त कार्यविधिमा उल्लेख गरिएका आवश्यक सबै कागजात राखी *<u>अनुसूची -३ बमोजिमको</u> ढाँचामा अवधारणा पत्र तयार गरी स्थानीय सुशासन, सार्वजनिक सेवा प्रवाह र स्थानीय आर्थिक, सामाजिक र वातावरणीय विकासका क्षेत्रका सम्भावित नवप्रवर्तनकारी परियोजनाहरु सञ्चालनका लागि विद्युतीय माध्यम (https:....................) बाट आवेदन पेश गरी सोको सक्कलै प्रति मन्त्रालयको शासकीय सुधार तथा समन्वय महाशाखामा समेत पेश गर्नुहुन अनुरोध गरिन्छ।

यस सम्बन्धी जानकारी तथा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यविधि, २०७९ मन्त्रालयको वेबसाइट ocmcm.gandaki.gov.np बाट प्राप्त गर्न सकिने छ।

**थप जानकारीका लागि,**

सम्पर्क व्यक्तिको नामः

सम्पर्क नम्बरः

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,

गण्डकी प्रदेश।

---

* पहिलो संशोधनबाट संशोधित

## अनुसूची–३

**(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)**

**अवधारणा पत्र पेश गर्ने ढाँचा**

| | |
|---|---|
| **क. परियोजनासम्बन्धी जानकारी** | |
| (१)परियोजनाको नाम | |
| (२)परियोजना सञ्चालन हुने जिल्ला | |
| (३)परियोजना लागू हुने पालिका, वडा र स्थान | |
| (४)आवेदकको नाम | |
| (५)आवेदकको ठेगाना | |
| (६)आवेदकको इमेल र फोन नं. | |
| (७)परियोजना कार्यान्वयन गर्ने मुख्य महाशाखा/शाखा | |
| (८)सम्पर्क व्यक्तिको नाम, इमेल र मोबाइल नम्बर | |
| (९)परियोजनाको अवधि (आ.व. र महिना) | आ.व. ...देखि .. आ.व...सम्म (जम्मा .....महिना) |
| **ख. परियोजनाको नवप्रर्वतनकारी पहिचान** | |
| (१)परियोजनाले संस्थागत गर्ने मुख्य परिवर्तन (कार्यविधिले निर्दिष्ट गरेका विषयक्षेत्रभित्रको सूक्ष्म अवस्थामा आउने बढीमा दुई वटा सकारात्मक परिवर्तन उल्लेख गर्नुपर्ने) | |
| (२)कार्यक्रमको योगदान नवप्रर्वतनकारी भएको पुष्ट्याइँ कम्तीमा ५०० शब्दमा लेखिएको हुनुपर्ने | |
| **ग. कार्यक्रमको कार्यान्वयन प्रक्रिया ( तलको शीर्षक अनुसार छोटकरीमा लेखे)** | |
| (१)पृष्ठभूमि | |
| (२)परियोजनाको उद्देश्य | |
| (३)परियोजना औचित्य | |
| (४)परियोजनाको छनौट प्रक्रिया | |
| (५)परियोजनाको अपेक्षित नतिजा (आशातीत प्रतिफल, उपलब्धि, प्रभाव उल्लेख गर्ने) | |
| (६)कार्यक्रमको सारांशमा कार्यान्वयन प्रक्रिया (योजना, प्रक्रिया, बजेट तथा गतिविधि व्यवस्थापन आदि) | |
| (७)लाभग्राही सङ्ख्या र विवरण (महिला, पुरुष तथा लै.स.सा.स. खण्डीकृत तथ्याङ्क राखे) | |
| (८)परियोजनामा लैङ्गिक समानता, सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण प्रक्रिया | |
| (९)स्थानीय तहको उद्देश्यसँग मेल खाएको पुष्टाइँ | |
| (१०) प्रस्तावित परियोजनाले प्रदेश दिगो विकासको लक्ष्यमा पुऱ्याउने योगदान | |
| (११) प्रस्तावित परियोजनाले जीविकोपार्जन तथा स्थानीय स्रोत परिचालनमा पुऱ्याउने योगदान | |

| | |
|---|---|
| (१२) कार्यक्रमको जोखिम व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता | |
| (१३) कार्यक्रमको सिकाइ आदानप्रदान, दिगोपना एवं निरन्तरता | |
| **घ. अन्य विवरण** | **पेश गर्नुपर्ने कागजातहरू** |
| (१)स्थानीय तह संस्थागत स्वमूल्याङ्कन लेखाजोखा पोर्टलमा प्रविष्टि गरी सार्वजनिकीकरण गरेको।<br>(२)स्वमूल्याङ्कन लेखाजोखा कुल प्राप्ताङ्क अवस्था। | गरेको/नगरेको।<br>कुल प्राप्ताङ्क......<br>कार्यपालिका बैठकको निर्णयको प्रतिलिपि तथा पालिकाको नाम र प्राप्ताङ्क प्रष्ट देखिने गरी पोर्टलको स्क्रिनसट राख्नुपर्ने। |
| (३)स्थानीय तह वित्तीय सुशासन लेखाजोखा पोर्टलमा प्रविष्टि गरी सार्वजनिकीकरण गरेको/नगरेको।<br>(४)वित्तीय सुशासन लेखाजोखा कुल प्राप्ताङ्कको अवस्था। | गरेको/नगरेको।<br>कुल प्राप्ताङ्क......<br>कार्यपालिका बैठकको निर्णयको प्रतिलिपि तथा स्थानीय तहको नाम र प्राप्ताङ्क प्रष्ट देखिने गरी पोर्टलको स्क्रिनसट राख्नुपर्ने। |
| (५)गाँउ / नगर सभाबाट वार्षिक कार्यक्रम तथा बजेट पारित भएको। | भएको/नभएको।<br>सभाको निर्णयको प्रतिलिपि पेश गर्नुपर्ने। |
| (६)अन्तिम लेखापरीक्षणमा बेरुजु तथा अनिमियततासम्बन्धी सारांश तथा बेरुजु प्रतिशत। | सारांश उल्लेख गर्ने।<br>बेरुजु प्रतिशत.....<br>पुष्ट्याइँ गर्ने कागजातहरू पेश गर्नुपर्ने। |
| (७)गत आ.व. को पुँजीगत खर्चको प्रतिशत। | खर्च प्रतिशत ....<br>पुँजीगत खर्चको नियमानुसार प्रमाणित आर्थिक विवरणको प्रतिलिपि पेश गर्नुपर्ने। |
| (८)राजस्व बाँडफाँटबापतको रकम सम्बन्धित विभाज्य कोषमा जम्मा गरेको। | गत आ.व.मा कोषमा जम्मा गरेको रकमः<br>पुष्टयाइँ गर्ने कागजातहरू पेश गर्नुपर्ने |
| (९)कार्यक्रम सञ्चालन सम्बन्धमा कार्यपालिका बैठकको उपस्थिति र निर्णयहरू। | बैठकको उपस्थितिको प्रतिलिपि<br>प्रस्ताव पेश गर्ने, कार्यान्वयन समिति गठन गरिएको र लागत साझेदारी रकम उल्लेख भएको निर्णयहरू पेश गर्नुपर्ने। |
| (१०) दुई वा दुईभन्दा बढी स्थानीय तहहरू वा स्थानीय तह गैसस/निजी क्षेत्रहरू मिली संयुक्त प्रस्ताव पेश गरेको भए मुख्य प्रस्तावक र साझेदार प्रस्तावकको नाम, ठेगाना, इमेल र सम्पर्क नम्बर सहित समझदारी पत्र। | नाम तथा थप विवरणः<br>समझदारीपत्र पेश गर्नुपर्ने<br>गैसस/निजी संस्था भएमा भ्याट दर्ता र गत आ.व को कर चुक्ता प्रमाणपत्र समेत पेश गर्नु पर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (११) दुर्गम तथा न्यून आय भएका र सामाजिक आर्थिक रूपले पछाडि परेका स्थानीय तहलाई ग्राह्यता। | | | पुष्ट्याइँका लागि कागजातहरू पेश गर्नु पर्ने। | | | |
| **ङ. कार्यक्रमको कुल लागत** | | | | | | |
| १. लागत सहभागिताको संरचना | | | कुल लागतः<br>कार्यक्रमबाट उपलब्ध हुने रकमः<br>आवेदकले बेहोर्ने रकमः<br>आवेदकले बेहोर्ने रकममध्ये साझेदार संस्थाबाट बेहोर्ने रकमः | | | |
| **च. मुख्यमुख्य गतिविधि/क्रियाकलापहरूको लागत सारांश** | | | | | | |
| *सि.न.* | *मुख्य-मुख्य क्रियाकलापहरू* | *एकाइ* | *परिमाण* | *लागत/ एकाइ* | *जम्मा रकम रु.* | *कैफियत* |
| १ | जनशक्ति परिचालन | | | | | |
| १.१ | ............... | | | | | |
| १.१ | ............... | | | | | |
| २ | तालिम सञ्चालन | | | | | |
| २.१ | ............ | | | | | |
| २.२ | ............ | | | | | |
| ३ | उपकरण खरिद तथा नयाँ प्रविधि स्थापना | | | | | |
| ३.१ | ............ | | | | | |
| ३.२ | ............ | | | | | |
| ४ | क्षमता विकास तथा अनुगमन आदि | | | | | |
| ४.१ | ............ | | | | | |
| ४.२ | ............ | | | | | |
| | | | | | | |
| | बढीमा २ पेज........... | | | | | |
| **कुल लागत रकम रु.** | | | | | | |

**<u>नोटः</u> माथिको क्रियाकलापहरूको टेबललाई एक्सेलमा तयार गरी पेश गर्न सकिनेछ। साथै, माथि उल्लेख भए बमोजिम अवधारणा पत्रसँग पेश गर्नुपर्ने आवश्यक कागजात अपुग भएमा प्रस्ताव स्वतः रद्द भएको ठहरिनेछ।**

## ❖अनुसूची–४

### (दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

**अवधारणा पत्र मूल्याङ्कनका सूचक एवं आधारहरू**

| क्र. सं. | मूल्याङ्कनका क्षेत्र | मूल्याङ्कनका सूचक/आधारहरू | छ | छैन | कैफियत |
|---|---|---|---|---|---|
| (१) | स्थानीय तह संस्थागत स्वमूल्याङ्कनको नतिजा पोर्टलमा प्रविष्टि गरिएको | स्थानीय तह संस्थागत स्वमूल्याङ्कनको नतिजालाई कार्यपालिकाको बैठकमा छलफल गरी वेबसाइटमार्फत् पोर्टलमा प्रविष्टि गरी सार्वजनिक गरेको। | | | |
| (२) | स्थानीय तह संस्थागत स्वमूल्याङ्कनमा प्राप्त गरेको अङ्क | स्थानीय तह संस्थागत स्वमूल्याङ्कनको नतिजाको मूल्याङ्कनमा ५० प्रतिशतभन्दा बढी अङ्क प्राप्त गरेको। | | | |
| (३) | स्थानीय तह वित्तीय सुशासन मूल्याङ्कनको नतिजा पोर्टलमा प्रविष्टि गरिएको। | स्थानीय तह वित्तीय सुशासन मूल्याङ्कनको नतिजालाई कार्यपालिकाको बैठकमा छलफल गरी वेबसाइटमार्फत् पोर्टलमा प्रविष्टि गरी सार्वजनिक गरेको। | | | |
| (४) | स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा प्राप्त गरेको अङ्क | स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनको नतिजाको ५० प्रतिशतभन्दा बढी अङ्क प्राप्त गरेको। | | | |
| (५) | गाँउ / नगर सभाबाट वार्षिक कार्यक्रम तथा बजेट पास भएको | चालु आ.वको बजेट तथा कार्यक्रमलाई गत आ.व.को असार १० गतेभित्र सभामा पेश गरी असार मसान्तभित्र पारित गरिएको। | | | |
| (६) | अन्तिम लेखापरीक्षण | गत आ.व. भन्दा अघिल्लो आ.व.को लेखापरीक्षण हुनुपर्ने र लेखापरीक्षण प्रतिवेदनमा बेरुजु रकम ५% भन्दा बढी नभएको। | | | |
| (७) | गत आ.व.को पुँजीगत खर्चको प्रतिशत | गत आ.व.को कुल पुँजीगत बजेटको कम्तीमा ४०% खर्च भएको। | | | |
| (८) | कानूनले निर्दिष्ट गरेबमोजिम राजस्व बाँडफाँटबापतको रकम सम्बन्धित विभाज्य | गत आर्थिक बर्षमा राजस्व बाँडफाँटबाट प्राप्त रकम कानूनबमोजिम विभाज्य कोषमा जम्मा गरेको प्रमाण पेश गरेको। | | | |

❖ पहिलो संशोधनबाट संशोधित

| | | | | | |
|---|---|---|---|---|---|
| | कोषमा दाखिला गरेको | | | | |
| (९) | प्रस्तावको निर्णय | प्रस्ताव पेश गर्ने, लागत सहभागिता रकमको प्रतिवद्धता तथा कार्यक्रम सञ्चालन सम्बन्धमा कार्यपालिका बैठकको उपस्थिति र निर्णयहरू हुनुपर्ने। | | | |
| (१०) | संयुक्त प्रस्तावमा सहमति पत्र | दुई वा सोभन्दा बढी स्थानीय तहले संयुक्त रूपमा प्रस्ताव पेश गरेमा साझेदारको लागत सहभागिताको प्रतिबद्धतासहित समझदारी पत्रमा हस्ताक्षर भएको हुनुपर्ने। | | | |
| (११) | सार्वजनिक-निजी साझेदारी प्रस्ताव | गैरसरकारी संस्था वा सामुदायिक संस्था वा सहकारी संस्था वा निजी क्षेत्रसँग साझेदारीमा प्रस्ताव पेश भएमा लागत सहभागिताको रकमको विवरणसहित सम्झौता भएको। | | | |
| (१२) | ग्राह्य खर्च | प्रस्तावमा प्रस्तावित खर्च क्षेत्रहरू कार्यविधिसँग बाझिएको हुन नहुने। | | | |
| (१३) | प्रस्तावको लागत | प्रस्तावको लागत र स्थानीय तहको लागत सहभागिता कार्यविधिले निर्धारण गरेबमोजिम प्रस्तावमा उल्लेख भएको। | | | |

<u>नोटः</u> अवधारणापत्र प्रस्ताव ग्राह्य हुनको निमित्त यस अनुसूचीका सबै आधारहरू पूरा गरेको हुनुपर्नेछ ।

## अनुसूची–५

**(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)**

**पूर्ण प्रस्ताव पेश गर्ने ढाँचा**

| | |
|---|---|
| **क. परियोजना सम्बन्धी संक्षिप्त जानकारी** | |
| (१)परियोजनाको नाम/शीर्षक | |
| (२)परियोजना लागू हुने पालिका, वडा र स्थान | |
| (३)आवेदकको नाम | |
| (४)आवेदकको इमेल र फोन नं. | |
| (५)परियोजना कार्यान्वयन गर्ने महाशाखा/शाखा | |
| (६)सम्पर्क व्यक्तिको नाम, इमेल र मोबाइल नं. | |
| (७)परियोजनाको अवधि ( आ.व. र महिना) | आ.व. देखि.....आ.व. सम्म ( जम्मा .....महिना) |
| (८)परियोजनाको प्रकार | एकल वा संयुक्त |
| (९)संयुक्त प्रस्ताव भएमा (साझेदारहरूको नाम, ठेगाना, इमेल/फोन नं. र सम्पर्क व्यक्तिको नाम र मोबाइल नं.) | १.<br>२. |
| (१०) परियोजनाको कुल लागत | कुल लागत रु. ......लागत सहभागिता रु. ..... |
| (११) पूर्ण प्रस्ताव पेश गरेको मिति | |
| (१२) परियोजनाको खर्च सङ्केत | |
| **ख. कार्यक्रमको विस्तृत प्रारुप, नवप्रर्वतनमा योगदान तथा कार्यान्वयन प्रक्रिया (व्याख्या गर्नुपर्ने)** | |
| (१) परियोजनाको पृष्ठभूमि | |
| (२) परियोजनाको नवप्रवर्तन अवधारणापत्रमा पेश गरिएको योगदान लगायत नवीनतम् सकारात्मक परिवर्तनका क्षेत्रहरूमा केन्द्रित भएर थप गहन विश्लेषण गरिएको (कम्तीमा पनि ५०० शब्द) | |
| (३) परियोजना माग गर्नुका आधार तथा औचित्य | |
| (४) परियोजनाको तार्किक ढाँचा (परियोजनाका उद्देश्य, प्रभाव, उपलब्धि, प्रतिफल एवं मुख्य क्रियाकलापहरू बीच कारणगत सम्बन्ध कायम गरिएको- बढिमा २ पेज) | |
| परियोजनाको लक्ष्य............ | |

| *विवरण* | *सङ्ख्यात्मक रूपमा पुष्टयाइँयोग्य सूचकहरू (OVIs)* | *गुणात्मक रूपमा पुष्टयाइँयोग्य सूचकहरू (QVIs)* | *पुष्टयाइँका आधारहरू (MoV)* |
|---|---|---|---|
| *उद्देश्य १.....* | | | |
| उपलब्धि १............ | | | |
| प्रतिफल १.१............ | | | |

| | | | |
|---|---|---|---|
| प्रतिफल १.२............ | | | |
| *उद्देश्य २* | | | |
| उपलब्धि २............ | | | |
| प्रतिफल २.१............ | | | |
| प्रतिफल २.२............ | | | |
| प्रतिफल २.३............ | | | |
| मुख्य गतिविधिहरू १..............२..................३............................<br>४............................५................................................ | | | |
| (१) परियोजना कार्यान्वयन प्रक्रिया ( ढाँचा, योजना तर्जुमा तथा बजेट व्यवस्थापन, मानव संशाधन परिचालन, अनुगमन प्रक्रिया तथा गतिविधिहरू सञ्चालन आदि) | | | |
| (२) परियोजनाको लाभग्राही सङ्ख्या (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विपन्न तथा वञ्चित समूह) विवरण | | | |
| (३) परियोजनाले दिगो विकास लक्ष्य कार्यान्वयनमा योगदान ( गरिबी न्यूनीकरण, लैङ्गिक समता, बहुसरोकारवालासँगको सम्बन्ध तथा समन्वय जस्ता विषयवस्तु समेत समेट्नु पर्ने) | | | |
| (४) पारदर्शिता तथा गुणस्तरयुक्त कार्यको सुनिश्चितता | | | |
| (५) परियोजनाका प्रगति तथा सिकाइको अभिलेख, नीतिगत प्रभाव विश्लेषण आदि | | | |
| **ग. समसामयिक विषयवस्तु** | | | |

| | |
|---|---|
| (क) परियोजनाको लैङ्गिक उत्तरदायी बजेट प्रतिशत | ...... |
| (ख) संस्थागत स्वमूल्याङ्कन लेखाजोखा प्राप्ताङ्क | ...... |
| (ग) वित्तीय सुशासन जोखिम लेखाजोखा प्राप्ताङ्क | ...... |
| (घ) गत आ.व.को पुँजीगत खर्चको प्रतिशत | स्थानीय तहको कुल पुँजीगत खर्च....प्रतिशत |
| (ङ) प्रस्तावित परियोजनामा भौतिक पूर्वाधारमा खर्च | कुल लागतको .....प्रतिशत |
| (च) गत आ.व.भन्दा अघिल्लो आ.व.को बेरुजु प्रतिशत | बेरुजु ....% |

**घ. परियोजनाको अनुगमन तथा मूल्याङ्कन तालिका**

| *विवरण* | *समय तालिका* | *पटक* | *अनुगमनमा संलग्न जनशक्ति विवरण* | |
|---|---|---|---|---|
| | | | *नाम* | *पद* |
| (१)सम्भाव्यताको लागि स्थलगत भ्रमण | | | | |
| (२)प्रगति अनुगमन | | | | |
| (३)जाँचपासको लागि भ्रमण | | | | |
| (४)सार्वजनिक परीक्षणको भ्रमण | | | | |
| (५)आयोजना हस्तान्तरणमा भ्रमण | | | | |

| *विवरण* | *समय तालिका* | *पटक* | *अनुगमनमा संलग्न जनशक्ति विवरण* | |
|---|---|---|---|---|
| | | | *नाम* | *पद* |
| (६)प्रगति समीक्षा | | | | |

**ङ. आयोजनाको कार्यान्वयन तालिका**

| *क्रियाकलाप* | *समय* | *जिम्मेवारी* | *प्रतिफल* |
|---|---|---|---|
| (१)अवधारणा पत्र तयार पार्ने | | | |
| (२)लागत अनुमान तयार पार्ने | | | |
| (३)परामर्श सेवा भए कार्यशर्तक्षेत्र तथा अनुरोध प्रस्तावपत्र तयार गर्ने<br>(४)तालिम कार्य भए तालिम योजना तयार पार्ने | | | |
| (५)उपकरण खरिद भए स्पेसिफिकेसनसहित बिड डकुमेन्ट तयार गर्ने | | | |
| (६)निर्माण कार्य भए स्पेसिफिकेसनसहित आवश्यक कागजात तयार गर्ने | | | |
| (७)सूचना वा प्रस्ताव आह्वान | | | |
| (८)प्रस्तावको मूल्याङ्कन | | | |
| (९)सम्झौता समय | | | |
| (१०) कार्यान्वयन सम्पन्न | | | |
| (११) जाँचपास | | | |
| (१२) सार्वजनिक परीक्षण | | | |
| (१३) फरफारक | | | |

**च. आयोजना जोखिमको लेखाजोखा**

| *सम्भावित जोखिम* | *जोखिमको असर/परिणाम* | *जोखिम न्यूनीकरणको रणनीति* |
|---|---|---|
| (१)वातावरणीय तथा विपद् जोखिम | | |
| (२)वित्तीय जोखिम | | |
| (३)प्राविधिक तथा अन्य जोखिम आदि | | |

**छ. विविध**

| *विषय* | *विवरण* | *कैफियत* |
|---|---|---|
| (१)सीमान्तीकृत वर्गको आर्थिक, सामाजिक विकासका क्षेत्रमा योगदान | | |
| (२)लैङ्गिक उत्तरदायी बजेटको प्रतिशत | | |
| (३)संस्थागत स्वमूल्याङ्कमा प्राप्त गरेको अङ्क | | |
| (४)वित्तीय सुशासन मूल्याङ्कनमा प्राप्त गरेको अङ्क | | |

| विषय | विवरण | कैफियत |
|---|---|---|
| (५)गत आ.व. को पुँजीगत खर्चको प्रतिशत | | |
| (६)प्रस्तावमा भौतिक पूर्वाधारमा छुट्याइएको खर्च प्रतिशत | | |
| (७)गत आ.व.भन्दा अघिल्लो आ.व.को बेरूजु प्रतिशत | | |

**ज. परियोजनाको बजेट खर्चको बाँडफाँट ( रकम रु.)**

| **१. जनशक्ति खर्च** | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम/ बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |
| | | **उप–जम्मा १** | | | | |
| **२. उपकरण खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम/ बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |
| | | **उप–जम्मा २** | | | | |
| **३. निर्माण खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम/ बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |
| | | **उप–जम्मा ३** | | | | |
| **४. तालिम खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम/ बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |
| | | **उप–जम्मा ४** | | | | |
| **५. परामर्श खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम/ बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |
| | | **उप–जम्मा ५** | | | | |
| **६. अनुगमन खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम/ बेहोरिने स्रोत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| उप–जम्मा ६ | | | | | | |
| ७. अन्य गतिविधी खर्च | | | | | | |
| *सि.नं.* | *विवरण* | *एकाइ* | *परिमाण* | *दर* | *जम्मा खर्च* | *रकम/ बेहोरिने स्रोत* |
| | | | | | | |
| | | | | | | |
| उप–जम्मा ७ | | | | | | |
| कुल जम्मा लागत खर्च रु. (१+२+३+४+५+६+७) | | | | | | |
| कार्यक्रमसँग सम्बन्धित खर्च मात्र समावेश गर्नु पर्दछ। जस्तैः निर्माण कार्यमा तालिम खर्च नहुन सक्छ। | | | | | | |

नोटः माथिको लागत अनुमान टेबललाई एक्सेल सिटमा तयार गरी पेश गर्न सकिनेछ। यसमा आवश्यकता अनुसार तेस्रो पङ्क्ति (Row) थपघट गर्न सकिनेछ।

## अनुसूची–६

### (दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

**पूर्ण प्रस्ताव मूल्याङ्कनका आधारहरू**

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| (१) | प्रस्तावको नवप्रवर्तन अवधारणा | १० | — अत्यन्तै नवप्रवर्तनकारी प्रस्ताव (पूर्ण रुपमा नयाँ र हाल सम्म परीक्षण नगरिएको) = १०० %<br>— उच्च नवप्रवर्तनकारी प्रस्ताव = ८० %<br>— नवप्रवर्तनकारी (अन्य क्षेत्रमा समेत अनुकरणीय) भएको = ६० %<br>— न्यून नवप्रवर्तनकारी (अन्य क्षेत्रमा यस अघि पनि सफलतापूर्वक परीक्षण गरिसकेको र नयाँ क्षेत्रमा विस्तार गर्न सकिने) = ४० %<br>— नवप्रवर्तनकारी नभएको = ०% | | उद्देश्यसँग तालमेल मिल्ने |
| (२) | परियोजनाको तार्किक ढाँचाको प्रभावकारीता | *५ | — अत्यन्तै प्रभावकारी भएको (पूर्णरुपमा कारणगत लिङ्केज कायम गरेको) = १०० %<br>— मध्यम तवरले प्रभावकारी भएको (ठीकै रुपमा कारणगत लिङ्केज कायम गरेको) = ७५ %<br>— सामान्य प्रभावकारी भएको ( थोरै कारणगत लिङ्केज कायम गरिएको) = ५० %<br>— कारणगत लिङ्केज कायम नगरेको = ०% | | |
| (३) | कार्यान्वयन प्रक्रिया तथा व्यवस्थापन | १० | — अत्यन्तै प्रभावकारी भएको = १०० %<br>— मध्यम प्रभावकारी भएको = ७५ %<br>— सामान्य प्रभावकारी भएको = ५० %<br>— प्रभावकारी नभएको = ० % | | |
| (४) | महिला, दलित, अपाङ्गता भएका | १० | — लाभग्राहीमध्ये कम्तिमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य | | |

* पहिलो संशोधनबाट संशोधित

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | व्यक्ति तथा सीमान्तीकृत र लक्षित वर्गको सशक्तिकरणमा योगदान | | सीमान्तीकृत वर्ग को ६०% सहभागिता रहेको = १००%<br>— लाभग्राहीमध्ये कम्तिमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तीकृत वर्ग को ५०% सहभागिता रहेको = ८०%<br>— लाभग्राहीमध्ये कम्तिमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तीकृत वर्ग को ४०% सहभागिता रहेको = ६०%<br>— लाभग्राहीमध्ये कम्तिमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तीकृत वर्ग को ४०% भन्दा कम रहेको = ०% | | |
| ⊕(४) क | भौगोलिक रुपमा दुर्गम क्षेत्रलाई प्राथमिकता | ५ | प्रदेश सरकारले प्रचलित कानूनमा गरेको वर्गीकरणमा<br>– “क” वर्गमा परेका स्थानीय तहका लागि -५,<br>– “ख” वर्गका स्थानीय तहका लागि -३,<br>– “ग” वर्गका स्थानीय तहका लागि -१ र<br>– “घ” वर्गका स्थानीय तहका लागि-०,<br>तर, एकभन्दा बढी स्थानीय तहले संयुक्त रुपमा अवधारणा पत्र पेश गरेको अवस्थामा प्रस्ताव गर्ने स्थानीय तहको अंक प्रदान गरिनेछ । | | |
| (५) | दिगो विकासका लक्ष्यमा योगदान दिने | ५ | — दीगो विकासका लक्ष्यहरु मध्ये कम्तिमा ८ वा सो भन्दा बढीमा योगदान गर्ने= १००%<br>— दीगो विकासका लक्ष्यहरु मध्ये कम्तिमा | | |

⊕ पहिलो संशोधनबाट थप गरिएको

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | ५ देखि ७ सम्म योगदान गर्ने= ७०%<br>— दीगो विकासका लक्ष्यहरु मध्ये कम्तिमा ३ देखि ४ सम्म योगदान गर्ने= ४०%<br>— दीगो विकासका राष्ट्रिय लक्ष्यमा २ वा सो भन्दा कम योगदान गर्ने = ० % | | |
| (६) | पारदर्शिता एवं गुणस्तर सुनिश्चितता | ५ | — पूर्ण पारदर्शिता तथा गुणस्तर सुनिश्चिता गरिएको ( नागरिक संलग्नता, तेश्रो पक्ष अनुगमन, जवाफदेहिताका औजार पूर्ण प्रयोग सुनिश्चित गरिएको) = १००%<br>— पारदर्शिता तथा गुणस्तर सुनिश्चितता मध्यम रुपले प्रस्तुत गरिएको ( नागरिक संग्लग्नता, तेश्रो पक्ष अनुगमन, जवाफदेहिताका औजार मध्यम प्रयोग सुनिश्चित गरिएको) = ७५%<br>— पारदर्शिता तथा गुणस्तर सुनिश्चितता सामान्य रुपमा प्रस्तुत ( नागरिक संग्लग्नता, तेश्रो पक्ष अनुगमन, जवाफदेहिताका औजार केही प्रयोग सुनिश्चित गरिएको) = ५०%<br>— पारदर्शि तथा गुणस्तर सुनिश्चिता नगरीएको = ०% | | |
| (७) | परियोजनाको ज्ञान व्यवस्थापन तथा सिकाइ | ५ | — प्रभावकारी ज्ञान व्यवस्थापन तथा सिकाई प्रक्रिया उल्लेख भएको= १००%<br>— ज्ञान व्यवस्थापन तथा सिकाई प्रक्रिया मध्यम रुपमा प्रस्तुत गरिएको= ७५%<br>— ज्ञान व्यवस्थापन तथा सिकाई प्रक्रिया सामान्य रुपमा प्रस्तुत गरिएको= ५०%<br>— ज्ञान व्यवस्थापन तथा सिकाई सुनिश्चितता नभएको= ०% | | |
| (८) | लैंङ्गिक उत्तरदायी बजेट विनियोजन | ५ | — क्रियाकलापहरुमा ६० % भन्दा बढी लैंङ्गिक उत्तरदायी बजेट रहेको (निर्दिष्ट) = १००% | | |

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | गरिएको | | — क्रियाकलापहरुमा १०% देखि ६० % सम्म लैंङ्गिक उत्तरदायी बजेट रहेको (सहयोगि) = ७५%<br>— क्रियाकलापहरुमा १० % भन्दा कम लैंङ्गिक उत्तरदायी बजेट रहेको (तटस्थ) = ०% | | |
| (९) | संस्थागत स्वमूल्याङ्कनमा प्राप्ताङ्क | ५ | — ८० भन्दा बढी अङ्क प्राप्त गरेको = १००%<br>— ५० भन्दा बढी ८० भन्दा कम अङ्क प्राप्त गरेको = ८०%<br>— ५० भन्दा कम अङ्क प्राप्त गरेको = ०% | | |
| (१०) | वित्तीय सुशासन मूल्याङ्कनमा प्राप्ताङ्क | ५ | — ८० भन्दा बढी अङ्क प्राप्त गरेको = १००%<br>— ५० भन्दा बढी ८० भन्दा कम अङ्क प्राप्त गरेको = ८०%<br>— ५० भन्दा कम अङ्क प्राप्त गरेको = ०% | | |
| (११) | गत आ. व. को पुँजीगत खर्चको प्रतिशत | ५ | — ८० % भन्दा बढी = १००%<br>— ६० % भन्दा बढी ८० % सम्म = ७०%<br>— ४० % भन्दा बढी ६० % सम्म = ५०%<br>— ४० % भन्दा कम = ०% | | |
| (१२) | प्रस्तावित परियोजनामा भौतिक पूर्वाधारका क्षेत्रमा हुने खर्च | १० | — ६० % भन्दा बढी = ०%<br>— ५० % भन्दा बढी ६० % सम्म = ३०%<br>— ४० % भन्दा बढी ५० % सम्म = ६०%<br>— ३० % भन्दा बढी ४० % सम्म = ८०%<br>— ३० % भन्दा कम = १००% | | |
| (१३) | गत आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको बेरुजु प्रतिशत | ५ | — १% वा सो भन्दा कम भएमा = १०० %<br>— २% भन्दा बढी ४% सम्म = ७० %<br>— ४% भन्दा बढी ५% सम्म = ५०%<br>— ५% भन्दा बढी = ०% | | |
| (१४) | प्रस्तावित परियोजना, बजेट तथा गतिविधि तालिकाहरू बीचको सामञ्जस्यता कायम भएको | १० | — पूर्ण सामजस्यता रहेको =१००%<br>— मध्यम स्तरको सामजस्यता रहेको =७५%<br>— न्यून सामजस्यता रहेको =५०%<br>— सामजस्यता नरहेको =०% | | |

| क.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | कुल जम्मा अङ्क | १०० | | | |

नोटः- पूर्ण प्रस्ताव ग्राह्य हुनका निमित्त यस अनुसूचीमा उल्लेखित मूल्याङ्कन सूचकहरूको कुल अङ्कको कम्तीमा ६० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्नेछ।

## अनुसूची–७

## (दफा २२ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

**नवप्रवर्तनका केही सम्भावित विषय क्षेत्रहरू**

- स्थानीय आर्थिक विकास,
- प्रादेशिक तथा स्थानीय वित्तीय व्यवस्थापनका क्षेत्रहरू,
- स्थानीय तहको संस्थागत स्वमूल्याङनका सूचकका विशेष क्षेत्र,
- विद्युतीय सुशासन र गभटेक (GovTech) सम्बन्धित क्षेत्र,
- स्थानीय तहको वित्तीय सुशासनका क्षेत्र,
- प्रदेशको नीति, तथा कार्यक्रम र योजना तथा बजेटमा मा समावेश गरिएका कार्यक्रमहरूलाई महत्वपूर्ण योगदान पुग्ने,
- स्थानीय सेवा प्रवाह,
- सामाजिक उत्तरदायित्व विधिहरूको पालना,
- नमूना नगर/गाउँ/वडा,
- तथ्यमा आधारित निर्णय प्रक्रिया,
- विपद रोकथाम, जोखिम न्यूनीकरण, व्यवस्थापन तथा विपद् उत्थानशीलताका क्षेत्रहरू,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सम्भागहरू
- शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाईमा नविनतम सोचहरू,
- जीविकोपार्जन सुधार तथा जलबायुमैत्री कृषि प्रणालीका क्षेत्रहरू,
- सार्वजनिक सेवामा एकद्वार प्रणाली,
- सूचना प्रविधि र सार्वजनिक सूचनामा जनताको पहुँच वृद्धि,
- आर्थिक सामाजिक रूपमा पछाडि परेका वर्गहरूको आर्थिक सामाजिक रूपान्तरण,
- नवप्रवर्तनका अन्य क्षेत्रहरू,
- नवप्रवर्तन योजनाको अभिन्न अङ्गको रुपमा रहेका अत्यावश्यक पर्ने उपकरण, प्रणाली, प्रविधि र सेवा प्रवाहसँग सम्बन्धित विषयहरू,
- स्थानीय आर्थिक विकासका क्षेत्रमा प्रत्यक्ष योगदान दिने नवीनतम् प्रविधि तथा उपकरणहरू,
- राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रयोगमा आएका अन्य नवीनतम् अभ्यासहरू।